जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
वि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक २६८ • २०८२ श्रावण २ गते शुक्रवार • 18 Jul. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## बोडिङ्गबाट सिँचाइ गरी रोपिएको धान पनि सुक्नबाट बचाउन किसानलाई धौधौ

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १ श्रावण**

गौशाला नगरपालिका-१२ का किसान विद्यायानन्द रायले २ बिघामा कतरनी र हर्दिनाथ जातको धान लगाएका छन् । इनार र बोर्डिङबाट मोटर राखी सिँचाइ गरेर प्रति कठ्ठा पटक-पटक जोताइ १ हजार, रोपाइँ १ हजार, मल ५ सय, सिँचाइ ५ सय खर्च गरी रोपेको धान सुक्न थालेको छ । मोटर चलाएर सिँचाइ गर्न खेतमै विद्युत् छ ।

तर भोल्टेज नहुँदा पानी नै मोटरले तान्न छोडेको छ । वर्षा नहुनु र सिँचाइ गर्न विद्युत्को भोल्टेज नहुँदा रोपेको धान फल्ने हो कि ? खेतमै सुक्ने रायको समस्या यहाँका किसानको साझा समस्या बनेको छ । बोर्डिङबाट सिँचाइ गरी रोपिएको धान सुक्नबाट बचाउन किसानलाई धौधौ परेको छ । रोपिएको धान सिँचाइ गर्न रातदिन मोटर र पम्पसेट चलाउनुपरेको छ । राति पानी



लगाएको खेत भोलिपल्ट नै सुक्न थालेपछि किसान चिन्तित छन् । बर्दिबास-जलेश्वर सडकखण्डको औरहीदेखि जलेश्वरसम्म बस्ती क्षेत्र छोडेर धान खेती हुने फाँट यो वर्ष खाली छ । खेतहरू सुक्खा छन् । सामान्य झरीले गर्मी कम भएर शीतल भए पनि खेतमा पानी नलाग्दा किसानको पीडा भने दिनदिनै बढ्दो छ । पर्याप्त वर्षा नहुँदा धानको बीउ सुक्न थालेको छ । रायले भने, 'असारमा रोपाइँ भएर विगतका वर्षमा हरियो फाँट देखिने खेतहरू अहिले सुक्खा छन् । पर्याप्त वर्षा नहुँदा रोपाइँ नहुँदा खनिएको आली र जोताइ गरेर तयार पारिएको खेत धुलाम्मे अवस्थामा छ । सडकबाट देखिने खेतहरू धान रोप्न तयार छन् । दुई बिघाको अन्तरमा धानको ब्याड मात्रै हरियो र फाँट सुख्खा देखिन्छ ।' महोत्तरीमा ४० हजार हेक्टरमा धान खेती हुन्छ ।

धान खेती हुने क्षेत्रमध्ये करिब २० प्रतिशत क्षेत्रमा किसानले पम्पसेटबाट सिँचाइ गरी धान लगाएको कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख देवानन्द राय यादवले बताए । 'वर्षा नभएर धान रोप्ने ब्याड सुक्न थालेपछि बोर्डिङ, इनार र पानी भएको नदीमा किसानले दमकल, मोटर लगाएर धान रोप्न थालेका छन्,' कृषि ज्ञान केन्द्रका प्रमुख यादवले भने, 'महोत्तरीमा नहर छैन । वर्षाको पानीमा धान रोप्ने प्रतीक्षामा किसान थिए । वर्षा नभएपछि बोर्डिङ, इनार र पानी भएको नदीबाट सिँचाइ गरी थोरै-थोरै धान रोप्न थालिएको छ ।' एकडारा, पिपरा, मनरासिसवा, जलेश्वर, रामगोपालपुर, गौशाला, सोनमा, सम्सी लगायतका पालिकामा विगतको वर्षजस्तो धान रोपाइँ हुन सकेको छैन ।

## राजश्व संकलन गर्ने विषयमा विवाद



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १ श्रावण**

गौशाला बजारमा गोरु तथा खसी बजारको राजश्व संकलन गर्ने विषयमा विवाद भएको छ । गौशाला नगरपालिका र निगौल गाई गौशालाबीच पशु बजार ठेक्का तथा राजश्व संकलन गर्ने विषयमा विवाद भएको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ । निगौल गाई गौशालाले कर्मचारी खटाएर अमानतमा राजश्व संकलन प्रक्रिया अगाडि बढाउँदा नगर प्रहरीले अवरोध गरेको इलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ ।

निगौल गाई गौशालाको कार्यालय र गौशाला नगरपालिकाको कार्यालयबीच २०७० मा गोरु र खसी बजार ठेक्काबापतको २५ प्रतिशत रकम निगौल गाई गौशालालाई उपलब्ध गराउने सम्झौता भएको छ । सम्झौताअनुसार निगौल गाई गौशाला व्यवस्थापन कार्यालयले पटक-पटक लिखित तथा मौखिक रूपमा अनुरोध गरेको छ । तर, गौशाला नगरपालिका कार्यालयले ठेक्काबापतको ५ करोडभन्दा बढी बाँकी रहेको रकम दिन नमानेपछि पशु बजार ठेक्का आफैं लगाउने प्रक्रिया अगाडि बढाउँदा नगरपालिकाले अवरोध गरेको निगौल गाई गौशालाको कार्यालय प्रमुख वीरबहादुर चौधरीले बताए ।

## वीरगन्ज र सिर्सिया सुक्खा बन्दरगाह भन्सार गाभिए

**जलेश्वरटुडे समाचारदाता**
**बिरगंज, १ श्रावण**

वीरगन्जस्थित देशकै दुई ठूला भन्सार कार्यालयहरू वीरगन्ज र सिर्सिया सुक्खा बन्दरगाह भन्सार बिहीबारदेखि गाभिएका छन् । यहाँस्थित देशकै पहिलो सुक्खा बन्दरगाह सिर्सिया भन्सारलाई खारेज गरी वीरगन्ज भन्सार, अर्थात् हालको एकीकृत जाँच चौकीमा गाभिएको हो । बुधबारदेखि नै सिर्सिया सुक्खा बन्दरगाहको नाम विलिन भएको छ । अब एकीकृत भन्सार कार्यालयको नाम वीरगन्ज भन्सार कार्यालय नै रहने भएको छ ।

नयाँ आर्थिक वर्षको पहिलो दिनदेखि दुवै भन्सार कार्यालयलाई गाभेर एउटै बनाई सेवा दिन थालिएको हो । राजस्व संकलनको दृष्टिले वीरगन्जभन्सार कार्यालय मुलुककै पहिलो हो भने सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालय पनि उत्कृष्ट पाँचभित्र पर्छ । वीरगन्ज भन्सारले १ खर्बभन्दा बढी र सिर्सिया सुक्खा बन्दरगाहले ५० अर्ब हाराहारीमा वार्षिक राजस्व संकलन गर्दै आएका छन् । दुवै भन्सार कार्यालय गाभ्ने सरकारी निर्णय साढे पाँच वर्षपछि कार्यान्वयनमा आएको हो । गाभिएपछि बनाइएको नयाँ संरचनाअनुसार आइसिपी अर्थात् वीरगन्ज भन्सार कार्यालयमा हालका



प्रमुख भन्सार प्रशासक (सहसचिव) दीपक लामिछानेको मातहतमा वीरगन्ज भन्सारकै दुई प्रमुख भन्सार अधिकृत (उपसचिवहरू) राजेन्द्र ढुंगाना र रामप्रसाद पाठक तथा पूर्व सिर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवाल रहनेछन् । प्रमुख भन्सार प्रशासक लामिछानेले कार्यालय एउटै भए पनि सेवाग्राहीलाई सेवा पुरानै स्थानहरू अर्थात् सिर्सिया र वीरगन्ज दुवैबाट हुने बताएका छन् । मन्त्रिपरिषद्ले यी दुई भन्सार संरचना गाभ्ने निर्णय २०७६ पुसमा गरेको थियो । त्यतिबेला एउटै नाकामा तीनवटा भन्सार आवश्यक नपर्ने ठहर गर्दै सरकारले सिर्सिया भन्सारलाई वीरगन्जभन्सारअन्तर्गत ल्याउने तथा वीरगन्ज-रक्सौल नाकामा रहेको भन्सारलाई यात्रु शाखामा मात्र सीमित गर्ने नीति लिएको थियो । भन्सार विभागले सिर्सिया सुक्खा बन्दरगाह भन्सारलाई साउन १ गतेदेखि खारेज गरी आईसीपीबाट एकीकृत सेवा प्रवाह गर्न पत्राचार गरिसकेको तत्कालीन प्रमुख बरुवालले जानकारी दिएका छन् । उनले वैदेशिक व्यापारलाई थप सहज बनाउन र सेवाग्राहीलाई सहजीकरण गर्न गाभिएको बताए । भन्सार गाभ्ने तयारीस्वरूप त्यतिबेलादेखि वीरगन्ज भन्सारमा सहसचिवस्तरको दरबन्दी कायम गरिएको थियो ।

२०७५ भदौमा पहिलो पटक सहसचिव खटाइएको थियो र त्यसको एक वर्षपछि गाभ्ने निर्णय गरिएको थियो । मुलुकको आर्थिक गतिविधिमा महत्त्वपूर्ण भूमिका खेल्ने यी दुवै भन्सार बिन्दुलाई जोडेर निर्बाध सञ्चालन गर्न सरकारले यी बीचको ६२ बिघा जग्गा अधिग्रहण प्रक्रिया सञ्चालन गरिरहेको छ ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं ।

- शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (बिगौती) दुध खुवाऔं,
- जन्मेदेखि ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं,
- आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
- स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
- चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
- सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
- स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं ।

विश्व स्तनपान सप्ताह सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# धर्म र संस्कृतिको पालना गर्नुपर्छ

*साउन महिनाको सुरुवातसँगै समाजमा एउटा नयाँ किसिमको उत्सवमय वातावरणको रौनक रहदै आएको देखिन्छ । विशेषगरी महिलाहरू हरियो चुरा, पोते, पहेँलो सारी, धोती र टीकामा सजिएर व्रत बस्न थाल्ने देखिन्छ । शिवभक्ति, सौन्दर्य र समर्पणको यो महिना सामाजिक, धार्मिक र सांस्कृतिक दृष्टिकोणले निकै महत्वपूर्ण मानिएका छन । साउन महिनालाई 'भगवान् शिवको महिना' भनेर विशेष पूजा-अर्चना गर्ने गरिन्छन । महिलाहरूले मनोकामना पूरा होस् भनेर सोमबार व्रत बस्ने, परम्परा हाम्रो समाजमा रहदै आएको देखिन्छ । परम्पराहरूको पालना गर्ने, परम्परामा रमाउन पुगेसँगै त्यसको अर्थ बुझ्ने र पुनरावलोकन गर्ने प्रयास पनि गर्नु पर्छ । धर्म, संस्कृति के हो ? यो कसरी जन्म्यो यसको समिक्षा गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।*

*धर्मले मानिस निर्माण गरेको हो कि, मानिसले धर्म निर्माण गरेको हो यसलाई पनि बुझ्न जरुरी रहेको देखिन्छ । धर्म मन्दिरमा गएर पूजा पाठ गर्नु नभएर हामलेी धारण गर्न योग्य जे चिज छ, त्यो नै धर्म छ । पारिवारिक, सामाजिक व्यावहारिक कर्तव्य नै धर्म रहेको छ । मानवता नै धर्म छ, अझ भनौं आफ्नो गुण दर्शाउनु पनि धर्म रहेको छ । अब संस्कृति के हो त ? मानव सभ्यताको विकासको क्रममा मानव चेतना र श्रमले सिर्जना र निर्माण गरेका जे जति पनि कुरा छन् ती सबै संस्कृति रहेको छ । धर्म पनि संस्कृतिको एउटा हिस्सा नै छ । सभ्यताको विकास क्रमसँगै मानवले निर्माण र विकास गरेका संस्थाहरूमध्ये धर्म पनि एउटा संस्था रहेको छ । समय र कालक्रमसँगै मानव समुदायले संस्कृतिको निर्माण, विनिर्माण र पुनर्निर्माण गर्दै आएको देखिन्छ । अन्तमा सबैले आ-आफ्नो धर्म र संस्कृतिको पालना गरुण यही कामना छ ।*

# असार सकिँदा पनि मनसुनी वर्षा नहुँदा पर्सा र बारामा काकाकुलको अवस्था

**जलेश्वरटुडे समाचारदाता**
**बारा, १ श्रावण**

वीरगन्जमा पर्जन्य अर्थात् पानीका देवताको आराधना यज्ञ गरिएको छ । असार सकिँदा पनि मनसुनी वर्षा नहुँदा पर्सा र बारामा काकाकुलको अवस्था छ । पानीको समस्या समाधान गर्न यहाँ यज्ञ गरिएको हो । बुधबार वीरगन्जस्थित प्रसिद्ध शक्तिपिठ गहवामाई मन्दिरबाहिर भिन्नै माहोल थियो ।

गहवा माई मन्दिर सञ्चालक समितिका अध्यक्ष नरेन्द्र साह, समितिका वरिष्ठ सदस्य एवं संविधानसभा सदस्य राजेन्द्रबहादुर अमात्य, समितिका महासचिव अधिवक्ता विजयकुमार उपाध्याय सहित पर्जन्य वृष्टि यज्ञमा हवन गरिरहेका थिए । समितिका कार्यालय सचिव शिवजीकुमार साहले बिहान ८ बजे सुरु भएको यज्ञ दिउँसो ३ बजे सकिएको बताए । वर्षौंदेखि अनवरत पानी आउने चापाकलहरूमा पानी सुक्न थालेको छ । खेतहरू बाँझै



छन् । पानी नपर्दा गर्मी अचाक्ली बढेको छ । सर्वसाधारण मिनरल र जारको पानी किनेर खान बाध्य भएका छन् । वीरगन्ज-१३ तेजारथ टोल निवासी ५८ वर्षीय सुशील अर्यालले आफ्नो जीवनकालमा वीरगन्जमा यसरी खानेपानीको हाहाकार भएको पहिलो पटक अनुभव गरेको बताए । 'हुन त यो समस्या ३ वर्षअघिदेखि नै देखिएको हो,' उनले भने, 'तर यस वर्ष अत्यधिक ठूलो रूपमा यो समस्या देखिएको छ ।' जिल्ला सदरमुकाम वीरगन्जमा मात्र नभई जिल्लाका ग्रामीण भेगमा पनि यो समस्या देखिएको छ । छिमेकी बारा जिल्लामा पनि यो समस्या विकराल रूपमा देखा परेको स्थानीयले बताएका छन् । घरघरमा जोडिएका अधिकांश चापाकल सुकेका छन् । सहजै पानी आउने भनी खानेपानी संस्थानको धारा जडान गर्न महानगरबासीको भीड अहिले खानेपानी संस्थान वीरगन्ज शाखामा देखिन्छ । शाखा प्रमुख प्रवीनकुमार साहले १२ दिनयता मात्र नयाँ धारा जडानका लागि निवेदन दिनेको ताँती लागेको बताए ।

यस अवधिमा जम्मा ४ सय धाराको लाइन जोड्न सकिएको र ५ हजार मिटर पाइप जडान गरिएको उनले बताए । '२० दिनमा सेवाग्राहीको ३ हजार फोनकल र म्यासेज आएको छ,' उनले भने । कार्यालयसँग हाल १ करार र ५ ज्यालादार जनशक्ति मात्र रहेको र यो जनशक्तिले दैनिक ३० देखि ३५ धारा जडानको काम गर्न सकेको उनले बताए ।

# पर्याप्त वर्षा नहुँदा अधिकांश किसानको खेत बाँझै



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, १ श्रावण**

पर्याप्त वर्षा नहुँदा सर्लाहीका अधिकांश किसानको खेत बाँझै छ । धान हरियै हुने बेला हुँदासमेत किसानले रोपाइँ गर्न पाएका छैनन् । धमाधम रोपाइँ गर्ने समयमा किसानको खेत सुक्खै छ । पानी अभावले धानको ब्याडमा लगाइएको बीउसमेत सुकेका छन् । यस वर्ष खडेरीको सामना गर्नुपर्ने हो कि भन्ने किसान चिन्तामा छन् ।

लघुवाका किसान शंकर महतोले सिञ्चित क्षेत्रमा खेत भए पनि रोपाइँ गर्न नसकिएको जानकारी दिए । पर्याप्त मात्रामा पानी नपर्दा बीउ सुकेका छन् । 'कुलोको छेउमै खेत छ, तर नहरको पानी आउन सकेको छैन, पहिलो खेत हुने किसानले पानी घेरेका छन्, त्योभन्दा तलको किसानले पानी पाएकै छैनन्,' उनले भने, 'पानीका लागि दिनहुँ किसान-किसानबीच झगडा हुने गर्छ, यसले किसानबीचमै वैमनस्यता बढाएको छ, रोपाइँ र उत्पादन परको कुरा हो, बीउसमेत डढेको छ, रोपाइँ भएन भने के खाने भन्ने चिन्ता छ ।'





अनुरोधकर्ता
जलेश्वर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश


## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: लामो यात्राको योग छ
मिथून: अनावश्यक चिन्ता
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: आम्दानी हुने
तुला: विचार गरेर बोल्नुहोला
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: खानपानमा समस्या आउने
मकर: मनमा पछुतो आउने
कूम्भ: मित्रतामा फाटो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# बेलायतमा मुद्रास्फीति दर ३.६ प्रतिशत पुग्यो, महँगियो खाद्यान्न र यातायात

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १ श्रावण



बेलायतको वार्षिक उपभोक्ता मूल्य मुद्रास्फीति दर सन् २०२५ को जुन महिनामा ३.६ प्रतिशत पुगेको छ, जुन सन् २०२४ को जनवरीयताकै उच्च दर हो । राष्ट्रिय तथ्यांक कार्यालय (ओएनएस) ले बुधबार सार्वजनिक गरेको विवरणअनुसार, मे महिनाको ३.४ प्रतिशतको तुलनामा मुद्रास्फीति दरमा वृद्धि भएको हो।

यो वृद्धिको मुख्य कारण मोटर इन्धन, हवाई र रेल भाडा तथा खाद्यान्न मूल्यमा भएको उल्लेखनीय वृद्धि हो। खाद्य पदार्थ र गैर-मदिराजन्य पेय पदार्थको मूल्य एक वर्षअघिको तुलनामा ४.५ प्रतिशतले बढेको देखिएको छ, जुन फेब्रुअरी सन् २०२४ यताकै उच्च दर हो।

ऊर्जा, खाद्यान्न, मदिरा तथा चुरोटलाई बाहिर राखेर गणना गरिएको मुद्रास्फीति दर जुनमा ३.७ प्रतिशत रहेको छ, जुन मे महिनाको ३.५ प्रतिशतको तुलनामा उच्च हो। यसअघि ओएनएसले प्रकाशित गरेको तथ्यांकअनुसार, बेलायतको वास्तविक मासिक सकल घरेलु उत्पाद ( जीडीपी) मे महिनामा ०.१ प्रतिशतले घटेको थियो। बैंक अफ इङ्ग्ल्याण्डले जुन महिनामा आफ्नो नीतिगत ब्याजदर ४.२५ प्रतिशतमा यथावत् राखेको थियो। स्थायी मुद्रास्फीति दबाब र विश्वव्यापी अनिश्चितताको कारणले यस्तो निर्णय गरिएको हो । यद्यपि, आगामी अगस्ट महिनामा ब्याजदरमा कटौती हुने अपेक्षा अझै कायम छ।

# आजका लागि यस्तो छ विदेशी मुद्राको विनिमय दर

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १ श्रावण




नेपाल राष्ट्र बैङ्कले बिहीबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्का अनुसार अमेरिकी डलर एकको खरिददर १३७ रुपैयाँ २१ पैसा र बिक्रीदर १३७ रुपैयाँ ८१ पैसा कायम भएको छ । युरोपियन युरो एकको खरिददर १५९ रुपैयाँ ३१ पैसा र बिक्रीदर १६० रुपैयाँ, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १८३ रुपैयाँ ८६ पैसा र बिक्रीदर १८४ रुपैयाँ ६७ पैसा, स्विस फ्याङ्क एकको खरिददर १७१ रुपैयाँ एक पैसा र बिक्रीदर १७१ रुपैयाँ ७६ पैसा कायम गरिएको छ। अष्ट्रेलियन डलर एकको खरिददर ८९ रुपैयाँ ४५ पैसा र बिक्रीदर ८९ रुपैयाँ ८४ पैसा, क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ ९४ पैसा र बिक्रीदर १०० रुपैयाँ ३९ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०६ रुपैयाँ ७८ पैसा र बिक्रीदर १०७ रुपैयाँ २५ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ २२ पैसा र बिक्रीदर नौ रुपैयाँ २६ पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ११ पैसा र बिक्रीदर १९ रुपैयाँ २० पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ५८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ७४ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ ६५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ८१ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्का अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ २२ पैसा र बिक्रीदर चार रुपैयाँ २३ पैसा, युएई दिराम एकको खरिददर ३७ रुपैयाँ ३६ पैसा र बिक्रीदर ३७ रुपैयाँ ५२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३२ रुपैयाँ २३ पैसा र बिक्रीदर ३२ रुपैयाँ ४६ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ८७ पैसा र बिक्रीदर नौ रुपैयाँ ९१ पैसा, स्विडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ सात पैसा र बिक्रीदर १४ रुपैयाँ १३ पैसा र डेनिस क्रोनर एकको खरिददर २१ रुपैयाँ ३५ पैसा र बिक्रीदर २१ रुपैयाँ ४४ पैसा तोकिएको छ।

राष्ट्र बैङ्कले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ४८ पैसा र बिक्रीदर १७ रुपैयाँ ५६ पैसा, कुवेती दिनार एकको खरिददर ४४८ रुपैयाँ ७५ पैसा र बिक्रीदर ४५० रुपैयाँ ७१ पैसा, बहराइन दिनार एकको खरिददर ३६३ रुपैयाँ ९५ पैसा र बिक्रीदर ३६५ रुपैयाँ ५४ पैसा, ओमनी रियाल एकको खरिददर ३५६ रुपैयाँ ३८ पैसा र बिक्रीदर ३५७ रुपैयाँ ९३ पैसा रहेको छ।

# सुन तस्करी काण्डमा कन्नड अभिनेत्री रान्या रावलाई एक वर्षको जेल सजाय

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १ श्रावण



कन्नड अभिनेत्री रान्या रावलाई सुन तस्करी मुद्दामा एक वर्षको जेल सजाय सुनाइएको छ। यो आदेश विदेशी मुद्रा संरक्षण तथा तस्करी रोकथाम ऐन सल्लाहकार बोर्डले पारित गरेको हो। यो मुद्दामा रान्यासँगै अन्य दुई जना अभियुक्त पनि मुछिएका थिए।

आदेश अनुसार, तीनै जनालाई एकेक वर्षको जेल अवधिमा जमानतको लागि आवेदन दिने अधिकारबाट वञ्चित गरिएको छ। अर्थात् उनीहरूमध्ये कसैले पनि सम्पूर्ण सजाय अवधिभर जमानतको लागि आवेदन दिन सक्ने छैनन्। रान्या फिल्म 'माणिक्य'मा कन्नड सुपरस्टार सुदीपको अपोजिट भूमिकाका लागि परिचित छिन्। उनले अन्य दक्षिण भारतीय फिल्महरूमा पनि काम गरेकी छिन्। रान्यालाई यही वर्षको मार्च ३ मा बेंगलुरुको केम्पेगौडा अन्तर्राष्ट्रिय विमानस्थलमा १४ दशमलव ८ किलो सुनसहित राजस्व गुप्तचर निर्देशनालय (डीआरआई)ले पक्राउ गरेको थियो। बारम्बार अन्तर्राष्ट्रिय यात्रा गरेको कारण डीआरआईले निगरानीमा राखेको थियो।

मार्च ३ को राति एमिरेट्सको उडानमा दुबईबाट बेंगलुरु आइपुगेकै समयमा उनलाई पक्राउ गरिएको थियो । रान्याले शरीरमा धेरैजसो सुन लगाएको र उनले आफ्नो लुगामा सुनका बारहरू लुकाएको डीआरआईका अधिकारीहरूले बताएका थिए । रान्याका सौतेनी बुवा रामचन्द्र राव एक वरिष्ठ आईपीएस अधिकारी हुन् । ईडीले सम्पत्ति शुद्धीकरण रोकथाम ऐन (पीएमएलए) अन्तर्गत रान्याविरुद्ध ईसीआईआर दर्ता गरेको थियो । जुलाई ४ मा, ईडीले उनी विरुद्ध कारबाही गर्दै बेंगलुरुको भिक्टोरिया लेआउटमा रहेको घर, बेंगलुरुको अर्कावती लेआउटमा रहेको एउटा जग्गा, तुमकुरमा रहेको औद्योगिक जग्गा र अनेकल तालुकमा रहेको कृषि जग्गा जफत गरेको थियो।

# साबित्राले वेलिङटन फोनिक्सबाट अस्ट्रेलियाको निन्जा ए लिग खेल्ने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १ श्रावण




नेपाल महिला फुटबल टोलीकी कप्तान साबित्रा भण्डारी ( साम्बा) ले अस्ट्रेलियाको निन्जा ए-लिग खेल्ने भएकी छन् । उनले आगामी दुई सिजनका लागि वेलिङटन फोनिक्ससँग सम्झौता गरेकी हुन्।

वेलिङटन न्युजिल्याण्डको क्लब भएपनि अस्ट्रेलियाको निन्जा ए लिग खेल्दै आएको छ। क्लबले साबित्रा क्लब र देश दुवैका लागि उत्कृष्ट गोलकर्ता भएको र उनलाई अनुबन्ध गर्न पाउनु टोलीका लागि महत्वपूर्ण कदम भएको बताएको छ । उनले हालैको एएफसी महिला एशियन कप छनोटमा लगातार दुई खेलमा ह्याट्रिकसहित कुल ९ गोल गरेकी थिइन्। भारतको महिला सुपर लिगमा २४ खेलमै ६० भन्दा बढी गोल गरेपछि साबित्राले फ्रेन्च क्लब एन अभेन्ट गुइनगाम्पमा खेल्दै युरोपको शीर्ष लिगमा खेल्ने र गोल गर्ने पहिलो नेपाली खेलाडीको इतिहास बनाएकी थिइन्। फोनिक्सका कार्यवाहक मुख्य प्रशिक्षक एमी शेफर्डले साबित्राको आगमनलाई महत्त्वपूर्ण कदम बताउँदै भनिन्, 'हामी साबित्रालाई स्वागत गर्न पाउँदा गर्वित छौं। उनले फ्रान्समा उत्कृष्ट प्रदर्शन गर्दै आफ्नो क्षमता प्रमाणित गरिसकेकी छन्। उनको अनुभव, नेतृत्व र आक्रमण क्षमताले हाम्रो टोलीलाई बलियो बनाउनेछ।' साम्बाले पनि क्लबमा आबद्ध हुन पाउँदा उत्साहित रहेको बताइन्। 'म वेलिङटन फोनिक्समा आउन पाउँदा निकै उत्साहित छु।

धेरै गोल गर्दै समर्थकलाई खुशी बनाउन चाहन्छु' साबित्राले भनिन्, 'जब मैले फोनिक्सको आगामी सिजनका लक्ष्यबारे सुनें, टोलीमा सामेल हुने निर्णय गर्न मेरो लागि सजिलो भयो।'



अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश



अनुरोधकर्ता
मनराशिस्वा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# राज्यको जाँतो र नेपालको राज्यतन्त्र

-अधिकांश नीति कागजमा जन्मिएर कागजमै मृत्युवरण गर्छन्, यस्ता प्रशासनिक व्यावहारिकताको अभावका कारण शासन प्रणालीमा निर्जीवता र अविश्वासको माहोल सिर्जना हुन्छ। झमक्क साँझको सुरम्य क्षण थियो। आकाशबाट अविरल वर्षा भइरहेको थियो। घरको पिँढीमा आमाले जाँतोमा मकै पिसिरहनुभएको थियो। पानसको मधुर उज्यालोले नपुगेर बुबाले लाल्टिन बाल्नुभयो।

ठूलोबुबा, बुबा, हामी तीन दाजुभाइ र हामीलाई घरमा अध्यापन गराउनु हुने गुरु सधैंझैं बेलुकाको कुराकानीमा रमाइरहेका थियौं। तात्विक शून्यतालाई चिर्दै बुबाले अचानक गम्भीर प्रश्न सोध्नुभयो- 'बाबु उ आमाले के गरिरहेकी छन् ?' मैले सरल भावले उत्तर दिएँ- 'मकै पिसिरहनुभएको छ।' बुबाले पुनः जिज्ञासा राख्नुभयो- 'यो मकै कसको र जाँतो पनि कसको हो ?' मैले बाल हृदयबाट उत्तर दिएँ- 'मकै पनि हाम्रो, जाँतो पनि हाम्रो।' भर्खरै माध्यमिक तहको शिक्षा आर्जन गर्दैगर्दाको त्यो क्षणको शब्दशः स्मृति नभए तापनि त्यसको भावात्मक प्रभाव र शिक्षाप्रद चिन्तनको बीउ आज पनि प्रस्फुटित छ। हाम्रो कुराकानीको प्रसंग अगाडि बढ्दै गयो, बुबाले फेरि गम्भीर स्वरमा सोध्नुभयो- कल्पना गर, यदि यो जाँतो र मकै राज्यको हुन्थ्यो भने के हुन्थ्यो ? मैले बाल सुलभ जिद्दी गरें। यो हाम्रो जाँतो र मकै कसरी राज्यको हुन सक्छ ? त्यसपछि बुबाले धीरतापूर्वक जीवनदर्शनको गहिरो व्याख्या सुरु गर्नुभयो, बाबु, म त एउटा दृष्टान्त प्रस्तुत गर्दै थिएँ, जीवन र राज्यचिन्तनबीचको सांगोपांग सम्बन्धलाई बुझाउन।

जबसम्म यो जाँतो र मकै हाम्रो हुन्छ, तबसम्म यसको सञ्चालन स्वाभाविक, सहज र निरन्तर हुन्छ। यसले मकै पिस्छ र कहिलेकाँही मात्र घुन पिस्छ। तर कल्पना गर, यदि यही जाँतो राज्यको हुन्थ्यो भने यसले कहिले मकै पिस्थ्यो, कहिले केवल घुन, कहिले दुवैलाई एकसाथ धूलो बनाइदिन्थ्यो। कहिले निष्क्रिय भएर थन्किन्थ्यो। कहिले बिनामकै घुमेर जाँतोको दाँत पनि सबै खियाइदिन्थ्यो। कहिलेकाहीँ एउटा पनि मकै नपिसीकन सबै ओकलिदिन्थ्यो। कहिले मानी र हातो ठीकसँग नबसेर अनियन्त्रित घुमिरहन्थ्यो, सबै उधुम मच्चाइदिन्थ्यो। मलाई बुबाको त्यो दृष्टान्त रहस्यमय लाग्यो। मैले विस्मित भावमा सोधें, 'यस्तो किन र कसरी ?' बुबा र गुरुले पालैपालो यसको तात्पर्य बुझाउँदै भन्नुभयो, राज्य र परिवार दुवै समाजका मौलिक र आधारभूत संस्थाहरू हुन् तर तिनको स्वरूप, उद्देश्य, सञ्चालन विधि र प्रभावको आयाम आकाश-पातालजत्तिकै भिन्न हुन्छ। परिवार स्वधर्मको अभ्यासस्थल हो, जहाँ नियमभन्दा बढी दायित्व, माया र सम्बन्धबाट परिवारको शासन चल्छ। बुबाआमाको हृदयमा आफ्ना सन्ततिको सुखभन्दा बाहिर कुनै अर्को विचार टिक्नै सक्दैन। किनकि त्यहाँ सम्बन्धको मूलमा प्रेम र समर्पण दुवै हुन्छ। पारिवारिक निर्णय प्रक्रिया सरल हुन्छ, प्रत्यक्ष र स्वार्थरहित पनि। एउटा परिवारको दैनिक खर्च, सन्तानको शिक्षा र घरायसी निर्णयहरू स्वाभाविक रूपमा सहमतिका आधारमा सञ्चालन हुन्छन्।

राज्य सञ्चालनका जटिलता र राजधर्मको पेचिलोपनको झलक दिँदै महाभारतका गूढ प्रसंगहरू उद्धृत गर्दै उहाँहरूले भन्न थाल्नुभयो- बाबुहरू, धर्मराज युधिष्ठिर जसलाई सत्य, न्याय र धर्मको प्रतीक मानिन्छ, उनी स्वयं पनि युद्धको भीषण समयमा आफ्ना गुरु द्रोणाचार्यलाई भ्रममा पारी बध गर्न अश्वत्थामा मर्‍यो भनेर अर्धसत्य बोल्न बाध्य भए। यद्यपि मरेको अश्वत्थामा द्रोणपुत्र नभई एक हात्ती थियो। त्यस्तै, कौरवसेनाले १६ वर्षीय निहत्था अभिमन्युलाई कुटिल चक्रव्यूहमा फसाएर पृष्ठभागबाट प्रहार गरी हत्या गरे। हनुमानजीले लंका दहन गर्दा केवल राक्षसहरूको निवास मात्र नभई निर्दोष वनस्पतिहरूसमेत भष्म भए। नेपालको इतिहासमा कोतपर्व र भण्डारखाल पर्वजस्ता हृदयविदारक घटनाहरूको स्मरण गर्दै उहाँहरूले भन्न थाल्नुभयो- शासकीय सत्ता हात पार्ने उद्देश्यले नेपालमा पनि यस्ता घटनाहरूमा सयौं निर्दोष नागरिकहरूको रगत बगाइयो। यस्ता घटना केवल राजनीतिक षड्यन्त्र मात्र थिएनन्। ती नीति, नैतिकता र विवेकको अभावमा राज्य सञ्चालन कति क्रूर, अन्धकारमय र अमानवीय हुन सक्छ भन्ने गहिरो चेतावनीका ज्वलन्त उदाहरणहरू थिए।

कुनै औपचारिक शिक्षा नलिनुभएका पिताजीको यो दृष्टान्त एउटा पारिवारिक अनुभवको कथा मात्र रहेनछ, राजनीतिक दर्शनको मर्मस्पर्शी दस्ताबेज पो रहेछ, जसले राज्यतन्त्रको जटिल यथार्थलाई प्रतिविम्बित गर्दछ। यो दृष्टान्तबाट एक घरेलुयन्त्रको सरल क्रियाबाट शासन प्रणालीको जटिलता देखाउन मात्र खोजिएको थिएन, यसले राजधर्म र राजकर्मबीचको सूक्ष्म भेद, शक्ति-सन्तुलनको अनिवार्यता र विवेकपूर्ण सञ्चालनको नैतिक चेतना थियो। शासन चक्रमा विवेकको न्यूनता, नीति-अन्धता र संयमताको अभाव हुँदा कसरी राज्य व्यवस्था स्वयं विनाशको कारक बन्न सक्छ भन्ने चेतावनी निहित थियो।

त्यसबखत मैले यस प्रसंगको गहिराइ कसरी बुझ्न सक्थें र। तर आज थाहा पाउँछु, त्यो कथाले मेरो जीवनको वैचारिक शंखनाद गरिदिएको रहेछ। विश्वविद्यालयका कक्षाकोठा र पाठ्यपुस्तकले मलाई शासन प्रणालीका परिभाषा र प्रविधि सिकाए तर राज्य सञ्चालनको मर्म र जनअपेक्षाको सूक्ष्म संवेदनाको पाठ बुबाकै उक्त दृष्टान्तबाट पाएँ। घरको जाँतो राज्यतन्त्रको रूपक बन्यो। मकै जनअपेक्षाको स्वरूप। हातो र मानी नीति र संयन्त्रको प्रतिरूप। मेरी आमा राज्ययन्त्र सञ्चालनको जीवन्त प्रतीक। म जागिरको सिलसिलामा सर्वोच्च अदालतको पवित्र प्रांगणमा पुग्दा विधिको छायामा लुकेको अन्यायको करुण चीत्कारले बुबाको दृष्टान्तलाई झनै जीवन्त बनाइदियो। त्यसपछि निर्वाचित पदाधिकारी नभएको अवस्थामा स्थानीय विकास अधिकारीका रूपमा जनतासँग गाँसिदा मैले महसुस गरें- राज्ययन्त्र शक्ति-सन्तुलन र अनुशासनमा आधारित लयबद्ध संरचना हो।

साभार : कान्तिपुर।

















प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday